श्री कन्चनपुर जिल्ला अदालत,

तहशील शाखाबाट जारी दुई पाङ्ग्रे सवारी साधन साइकलहरू लिलाम बडबड सम्बन्धी

# सूचना ! सूचना !! सूचना !!!

सूचना लागू हुने मिति २०७८।०७।०७

यस अदालतमा बिभिन्न मुद्दाहरूमा दशी स्वरूप दाखिला हुन आएका जिन्सीमा आम्दानी बाँधिएका दशीका दुईपाङ्ग्रे सवारी साधन साइकलहरू ११(एघार) थान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम लिलाम बडाबडद्वारा एकमुष्ट बिक्री गरिने भएकोले यस अदालतको मिति २०७८।०६।१७ को आदेश र मिति २०७८।०६।१९ गते बसेको मूल्यांकन समितिको निर्णयानुसार लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्थाले मिति २०७८।०७।०७ गते देखि मिति २०७८।०७।२२ गतेसम्म यस अदालतबाट जारी गरिएको दरखास्त निवेदन लिई (रू.३००/- फिर्ता नहुने) दर्ता गरी न्यूनतम मूल्य रू.२,१००/-(दुई हजार एक सय)को १०% ले हुने रकम रू.२१०/- (दुई सय दश) यस अदालतमा धरौटी रसिदकाटी नगदैजम्मा गरी सक्कलै रसिद पेश गरेका व्यक्ति वा संस्थालाई मात्र मिति २०७८।०७।२३ गते हुने लिलाम बडाबड कार्यक्रममा सहभागी गराइने भएकोले लिलाम सकार गर्न इच्छुक नेपाली नागरिक तथा फर्महरूबाट लिलाम बडाबडको लागि आव्हान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छः-

| सिं. न. | जिन्सी नं. | आदेश मिति | वादी | प्रतिवादी | मु.नं. | मुद्दा | लिलाम गर्नु पर्ने सामानहरूः- | समितिले तोकेको मूल्य सूचीः- |
|---|---|---|---|---|---|---|---|---|
| १. | ७८५ | २०७५।१२।१३ | मन्जु पार्कीको जाहेरीले नेपाल सरकार सरकार | विनोद दमाई समेत | ०७५-C1-०१५२ | चोरी | १. साइकल थान-४ | ६,००/- |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | ९६२ | २०७७।०६।०८ | अनिल चौधरीको जाहेरीले | विवेक | ०७७-CR-०००३ | अबैध काठ कटान | १. साइकल थान-१ | १५०/- |
| ३. | ८९७ | - | सोमराज बढुको जाहेरिले | आयुश्मान शाही समेत | ०७६-C१-०२२७ | साइकल चोरी | १.साइकल थान-१ | १५०/- |
| ४. | ९७३ | - | नेपाल सरकार | महेश विष्ट | ०७७-C१-००९० | ज.क. | १. साइकल थान-१ | ६००/- |
| ५. | ९७४ | २०७७।०३।१९ | गणेशदत्त भट्ट समेतको जाहेरीले | रोशन दमाई समेत | ०७६-C१-०३१८ | चोरी | १. साइकल थान-२ | ३००/- |
| ६.१. | ११०० लि | २०७८।०५।२४ | भागीराज डगौराको जाहेरीले | राजेश तिरूवा समेत | ०७८-C१-००८३ | चोरी | १.लेडिज साइकल थान १ | १५०/- |
| ७ | - | - | - | - | - | - | १.साइकल थान-१ | १५०/- |
| ११ वटा साइकलको जम्मा मूल्य रू. दुई हजार एक सय रूपैयाँ मात्र। | | | | | | | | २,१००/- |

१. लिलाम बडाबडमा सहभागी हुन चाहने व्यक्ति वा संस्था वा फर्मले मिति २०७८।०७।०७ गते देखि ऐ. कात्तिक २२ गतेसम्म नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र संस्था वा फर्मले कर चुक्ताको प्रमाणपत्र र नविकरण सहितको फर्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि साथैराखी व्यक्तिको हकमा स्वयं र संस्था वा फर्मको हकमा आधिकारिक व्यक्तिबाट लिलाम बडाबड फाराम दस्तुर यस अदालतबाट जारी निवेदन भरी (निवेदन दस्तुर रू.३००/- फिर्ता नहुनेगरी) यस अदालतको तहशील शाखामा बुझाउनु पर्नेछ।

२. लिलाम बडाबड निवेदन मिति २०७८।०७।०७ गते देखि ऐ. कात्तिक २२ गतेसम्म दर्ता गराएर मात्र माथि उल्लिखित मिति २०७८।०७।२३ गते दिनको ११.०० बजे उपस्थित हुने व्यक्ति वा संस्थालाई मात्र लिलाम बडाबडमा सहभागी गराइने छ।

३. लिलाम बडाबड सम्पन्न हुँदा सबभन्दा बढी अंक बोलकबूल गर्ने व्यक्ति वा संस्थाको वाहेक अरूको धरौटी रकम नियमानुसार (व्यक्तिको हकमा नेपाली नागरिकताको सक्कल प्रमाणपत्र हेरी र संस्थाको हकमा आवश्यक प्रमाण कागजात हेरी) फिर्ता गरिने छ।

४. लिलाम बडाबड निवेदन दर्ता गराउने व्यक्ति वा संस्थाले मिति २०७८।०७।२३ गते दिनको ११.०० बजे सम्पन्न हुने लिलाम बडाबड कार्यमा स्वयं उपस्थित हुनुपर्ने छ, निवेदन दर्ता गराई सो मिति र समय भित्र उपस्थित नहुने निवेदन दर्तावालालाई कुनै मौका

प्रदान गरिने छैन र राखेको न्यूनतम धरौटी रकम समेत जफत हुनेछ, सो दिन अड्डामा कुनै सार्वजनिक तातिल परेमा सो सार्बजनिक बिदा सकिएको भोलिपल्ट माथिकै प्रकृया बमोजिम लिलाम बडाबड कार्य सम्पन्न गरिनेछ।

५. लिलाम बडाबड यस अदालतबाट स्वीकृत भै सकार गरिलिने व्यक्ति वा संस्थाले ७ (सात) दिन भित्र आफूले बोलकबूल गरेको मूल्यको १३% ले हुने मूल्य अभिवृद्धि कर समेत जोडी हुन आउने एकमुष्ट रकम यस अदालतको लेखा फाँटमा उपस्थित भई रकम बुझाई भौचर ती दुईपाङ्ग्रे सवारी साधन साइकलहरू जे जुन अवस्थामा छन् सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्नेछ, अन्यथा मनासिब माफिकको कारण बाहेक न्यूनतम मूल्यको १०% ले हुन आउने धरौटी रकम कानून बमोजिम जफत हुनेछ।

६. लिलाम बडाबड हुने सवारी साधनहरू हेर्न चाहेमा वा यस सम्बन्धमा थपकुरा बुझ्नुपर्ने भए अड्डा समय भित्र विहान १०.०० बजे देखि बेलुका ५.०० कात्तिक १६ गते देखि ४.०० बजे सम्म यस अदालतको तहशील शाखामा सम्पर्क गर्न सकिनेछ।

७. लिलाम बडाबड सम्बन्धी सम्पूर्ण अधिकार यस अदालतमा रहने छ।

(महिमानसिंह क्षिप्ट)

तहशीलदार शाखा अधिकृत

इति संवत् २०७८ साल कात्तिक महीना ७ गते रोज १ शुभम्.........................................।